आदिवासी जनजाति आयोग
Indigenous Nationalities Commission
अध्यक्ष
Chairperson

# तमु ल्होसार, २०८२ को

# शुभकामना

गुरुङ समुदायको महान पर्व तमु ल्होसार, २०८२ को शुभ अवसरमा स्वदेश तथा विदेशमा बस्नु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

हरेक वर्षको पुस १५ गते मनाइने यो पर्व तमु समुदायको नयाँ वर्षको शुरुआत पनि हो। यो वर्ष 'त ल्हो (घोडा वर्ग)' को स्वागत गर्दै स्वदेश तथा विदेशमा विविध कार्यक्रमहरु सहित हर्षोल्लासका साथ यो पर्व मनाउन लागिएको छ। पछिल्लो समयमा कतिपय आदिवासी जनजातिको मौलिक चाडपर्व, भेषभुषा, ज्ञान सीप क्रमश: लोप हुने अवस्थामा पुगेको सन्दर्भमा यो पर्व तमु समुदायको मौलिक संस्कृति, कला र पहिचानको संरक्षण, प्रबर्द्धन र पुस्तान्तरणका लागि महत्वपूर्ण हुने विश्वास लिएको छु।

अन्त्यमा, नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक विविधतायुक्त मुलुकमा यस प्रकारको चाडपर्वले सबै नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र सुसम्बन्ध कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षासहित सबैमा तमु ल्होसारको हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८२ पौष १५ गते

रामबहादुर थापामगर
अध्यक्ष